# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.स.०८१/०८२
च.न. १६२०

सुचना प्रकाशित मिति २०८१/११/०४

**विषयः- ड्राइभिङ्ग तालिमका लागि इच्छुक ड्राइभिङ्ग इस्टिच्युटहरुबाट दरभाउ आव्हान सम्बन्धी**

**सूचना। सूचना।।सूचना।।।**

प्रस्तुत विषयमा कालिका नगरपालिकाको आ.व. ०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार यस नगरपालिका भित्रका दलित महिला, सिमान्तकृत महिला, जनजाती महिला साथै अन्य महिलाहरुको लागि हलुका सवारी चालक (ड्राइभिङ्ग) तालिम (१५ दिने) संञ्चालन गरिने भएकोले सेवा प्रदायकको रुपमा इच्छुक ड्राइभिङ्ग इस्टिच्युटहरुबाट प्रति व्यक्ति लाग्ने शुल्क (कर समेत) रितपुर्वक मिति २०८१/११/१८ गते कार्यालय समय भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न गरी दरभाउ पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१.ड्राइभिङ्ग स्कुलबाट आफुले कबोल गरेको प्रतिव्यक्ति वापतको रकम किटान गरेको निवेदनको सक्कल साथै आधिकारिक कार्यालय,सम्पर्क नम्वर,इमेल, ठेगाना ।

२. ड्राइभिङ्ग स्कुल दर्ता प्रमाण-पत्रको प्रतिलिपी -१ प्रति।

३. भ्याटदर्ताको प्रमाणपत्रको प्रतिलिपी -१ प्रति। ।

४. स्थानीय तहमा सूचीकृत गरेको पत्रको प्रतिलिपी -१ प्रति।

५. सवारी दर्ता प्रमाण-पत्रको प्रतिलिपी-१ प्रति।

६. प्रशिक्षकको सवारी चालक अनुमती पत्रको प्रतिलिपी -१ प्रति।

७. आ.व.०८०।०८१ को करचुक्ता गरेको प्रतिलिपी -१ प्रति।

८. ड्राइभिङ्ग स्कुलमा कार्यरत कर्मचारी वा स्वयंसेवक कुनै लैङ्गिक तथा यौनदुव्यवहार, भेदभाव जन्य कामहरु, भ्रष्टाचार, गैरकानूनी काम वा कुनै प्रकारको फौजदारी कसुरको आरोप नलागेको वा कसुर ठहर नभएको हुनुपर्ने।

२०८१।११।०४

ऋषि प्रसाद कडुवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः सूचना प्रविधि शाखा, नगरपालिकाको वेवसाइट साथै वडा कार्यालयहरुमा सूचना प्रेशित गरिदिनु हुन।